**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

## प्रेस विज्ञप्ति – २०६४ भदौ १३

### उच्चायुक्तको कार्यालय–नेपालद्वारा बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको स्मरण

बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवस, अगस्ट ३०, पक्राउ वा अपहरणमा परेपछि बेपत्ता पारिएका हजारौं व्यक्तिहरूको भाग्यस्थितितर्फ ध्यानाकर्षण गर्न तथा आफ्ना प्रियजनहरूको स्थिति पत्ता लगाउन खोजी गरिरहेका आफन्तहरूको निरन्तरको वेदनामाथि जोड दिन सुरु गरिएको हो। नेपालमै दशक लामो द्वन्द्वका क्रममा सेनाका ब्यारेकहरूमा गोप्य थुना तथा यातनापछि बेपत्ता पारिएका सहित सयौं व्यक्तिहरू बेपत्ता भए। अन्य नेकपा–माओवादीद्वारा अपहरण गरिएपछि बेपत्ता भए। तिनका परिवारहरूले उनीहरू कहाँ छन् भन्नेबारे स्पष्टीकरणको खोजी र न्याय तथा क्षतिपूर्तिको मागलाई जारी राखेका छन्।

उच्चायुक्तको कार्यालय–नेपालले बेपत्ता पारिएकाहरू कहाँ छन् भनेर अनुसन्धान गर्न तथा ती कार्यका लागि जिम्मेवार पाइएका द्वन्द्वरत दुवै पक्षका व्यक्तिहरूलाई अभियोजन गर्न एउटा आयोग स्थापना गर्न नेपाल सरकारसँग निरन्तर आग्रह गरेको छ। सर्वोच्च अदालतको २०६४ जेठ १८ गतेको निर्णयले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूमा आधारित जाँचबुझ आयोगको स्थापना गर्नेलगायत बेपत्ता पार्ने कार्यसम्बन्धी प्रश्नको समाधान गर्न शृङ्खलाबद्ध उपायहरू अपनाउन सरकारलाई आदेश दियो। यस निर्णयले सत्य, न्याय तथा हर्जानाका लागि परिवारहरूको माग पूरा गर्न अन्ततः कदम लिइने छ भन्ने आशा जगायो। तर, तीन महिनापछि सर्वोच्च अदालतको निर्णय अझै कार्यान्वयन हुन बाँकी छ।

सरकारले हालै जाँचबुझ आयोग स्थापना गर्ने घोषणा गर्‍यो तर नागरिक समाज, बेपत्ता पारिएकाका आफन्तहरू तथा अन्यले आयोगको विश्वसनीयता तथा स्वतन्त्रताबारे गम्भीर चिन्ता व्यक्त गरेका छन्। उच्चायुक्तको कार्यालय–नेपाल यी चिन्ताहरू व्यक्त गर्दछ र कुनै पनि आयोगले संरचना, कार्यविवरण, प्रक्रिया र लगानीका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डहरू प्रतिविम्बित गर्नुपर्छ भन्ने आग्रह गर्दछ। विशेषगरी :

- आयोगका सदस्यहरू मानवअधिकारमा विशेषज्ञता हासिल गरेकालगायत उनीहरूको दक्षताका कारण छनोट गरिनुपर्छ र त्यसमा महिला तथा अरू ऐतिहासिक रूपबाट सीमान्तकृत समुदायका प्रतिनिधिहरू समावेश हुनुपर्छ। सदस्य, अनुसन्धानकर्ता र आयोगका अन्य कर्मचारी पनि स्वतन्त्र र निष्पक्ष हुनैपर्छ।
- आयोगले मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका लागि जिम्मेवार भनी आरोपित सबै व्यक्तिबारे अनुसन्धान गर्नसक्ने कुरा सुनिश्चित गर्ने गरी कार्यविवरण स्पष्टसँग परिभाषित गरिनुपर्छ।
- जाँचबुझ आयोगले पीडित तथा प्रत्यक्षदर्शीको बचाउ र सुरक्षा सुनिश्चित गर्नैपर्छ।
- प्रभावकारी तथा विश्वसनीय अनुसन्धान सुनिश्चित गर्न जाँचबुझ आयोगलाई पर्याप्त संसाधन (आर्थिक, भौतिक तथा कर्मचारी) उपलब्ध गराइनुपर्छ।
- जाँचबुझ आयोगको सुनुवाइ सार्वजनिक रूपमा सञ्चालन गरिनुपर्छ र यसको प्रतिवेदन व्यापकरूपमा प्रचारप्रसार गरिनुपर्छ।

बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि – जसलाई नेपाल सरकारले हस्ताक्षर गर्न बाँकी छ – ले "बलपूर्वक बेपत्ता पार्ने कार्यको चरम गम्भीरता"लाई ध्यान दिएको छ र बेपत्ता पार्ने कार्यको तत्काल तथा निष्पक्षरूपमा अनुसन्धान गर्नुपर्ने राज्यका दायित्वहरूको विस्तृतरूपमा उल्लेख गरेको छ। उच्चायुक्तको कार्यालय–नेपाल स्वतन्त्र जाँचबुझ आयोगको स्थापनालगायत बेपत्ता पारिएकाहरूको भाग्यस्थिति स्पष्ट पार्ने प्रयासहरूमा सहयोग गर्ने आफ्नो तत्परता दोहऱ्याउँछ।

> "बेपत्ता पारिएकाका आफन्तहरूमा आफ्ना प्रियजनहरूको स्थितिबारे पूर्ण सत्य थाहा पाउने तथा न्याय र हर्जाना पाउने अधिकार हुन्छ। बेपत्ता पार्ने कार्यसम्बन्धी घटनाबारे जेठ १८ को सर्वोच्च अदालतको निर्णयको पूर्ण कार्यान्वयन र बेपत्ता पार्ने कार्य सम्बन्धमा स्वतन्त्र तथा विश्वसनीय जाँचबुझ आयोगको स्थापना यी अधिकारहरूको सम्बोधन गर्नेतर्फका अत्यावश्यक कदम हुनेछन्। यी उपायहरूले आठ दलको सरकार विगतका बेपत्ता पार्ने कार्यसम्बन्धी मुद्दाहरूलाई गम्भीरतापूर्वक सम्बोधन गरिरहेको छ र नेपालमा तिनको पुनरावृत्ति हुन नदिन कदम चाल्दैछ भन्ने पनि देखाउनेछ", नेपालस्थित उच्चायुक्तको कार्यालयकी कार्यवाहक प्रतिनिधि सान्ड्रा बेइडासले भन्नुभयो।